मालारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खनदह अर्घाखाची

लुम्बिनी प्रदेश,नेपाल

## १५ शैयाको अस्पताल भवन निर्माणको लागि ईन्जिनियरिङ्ग(प्राबिधिक)सेवा उपलब्ध गराउने कार्यको

# सेवा करारनामा शर्त

***(Terms of References TOR)***

२०७८

# १.पृष्ठभूमी

नेपाल सरकारको एक स्थानीय तह एक आधारभुत अस्पताल सञ्चालन गर्ने निति कार्यान्वयनको क्रममा आ.व.२०७७।७८ मा यस गाउँपालिकाको लागी १५ शैयाको अस्पताल भवन निर्माणको कार्यक्रम स्वीकृत भएको हो । उक्त भवन निर्माणको लागि गाउँपालिकाले आ.व.२०७७/७८मा नै कन्सल्टेन्सी मार्फत डि.पि.आर. तयार गरि गाउँपालिका बाट स्वीकृत भई उक्त डि.पि.आर. बमोजिमको अस्पताल भवन सम्पन्न गर्ने गरि २०७८ आषाढ महिनामा सम्झौता समेत भएको अवस्था छ । हाल उक्त भवन निर्माणको लागि घडेरि निर्माणको कार्यमात्र सम्पन्न भएको छ ।

यस गाउँपालिकामा हाल ईन्जिनियरिङ्ग जनशक्ति कम भएको अवस्थामा गाउँपालिकाका अन्य करिव ३०० योजनाहरु समेतको लागत अनुमान तयारी सुपरिबेक्षण, अनुगमन तथा मुल्याङ्कन गर्नु पर्ने अवस्थामा गाउँपालिकाले गौरवको रुपमा लिएको आभारभुत अस्पताल भवनको लागि नियमित रुपमा निर्माण व्यवशायीलाई सहजिकरण, अनुगमन तथा मुल्याङ्कन गर्न मैजुदा जनशक्तिबाट संभव नभएको अवश्था छ ।

यसै सन्दर्भमा उक्त भवनको ड्रईङ्ग,डिजाईन अनुसारको गुणस्तरीय भवन निर्माणकोलागि परामर्शदाताबाट कार्यान्वयन गराउनको लागि यो कार्य क्षेत्र तयार गरिएको छ ।

# २. उदेश्य :-

गाउँपालिकाको १५ शैयाको आधारभुत अस्पताल भवन निर्माणको कार्य ड्रईङ्ग,डिजाईन र नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम निर्माण गर्ने

## ३. कार्यक्षेत्र

मालारानी गाउँपालिका वडा नं. ३ स्थित निर्माण हुन लागेको १५ सैयाको अस्पताल भवनको निर्माणको साईड दिने,नापजाच गर्ने,नियमित सुपरिबेक्षण गर्ने,गुणस्तर कायम गर्ने र बिद्युत वायरिङ्ग, सेनेटरि लगाएतका कार्यहरु निर्माण व्यावसायी संग गरिएको सम्झौता अबधि भित्र निर्माणको कार्य सम्पन्न गरि प्रतिवेदन दिने ।

## ४. अध्ययनका बिषयबस्तुहरुः

सार्वजनिक खरिद ऐन र नियमावली, १५ शैयाको आधारभूत अस्पतालको लागि संघिय सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको मापदण्ड, गाउँपालिकाले गरेको सम्झौता, वि.ओ.क्यू, लागत अनुमान र यस भवन निर्माणसँग जोडिएको अन्य बिषयबस्तुहरु परामर्शदाताले अध्ययन गर्ने बिषय अन्तर्गत प्रर्ने छन् ।

## ५. आवश्यक जनशक्तिः

भवन निर्माणको कार्यमा आवश्यक ज्ञान, सीप एवं अनुभव हासिल गरेका इन्जिनियरहरुले स्थानीय तह/प्रदेश/संघिय सरकार यस्तै प्रकृतिका भवन निर्माणमा परामर्श सेवा उपलब्ध गराएका बिषगत अनुभवको प्रोफाइल बनाएका र तोकिएको अनुभव र कम्तिमा इन्जिनियरिङ्ग बिषयमा स्नातक तह हुनु पर्नेछ ।

## ६. कार्य विवरणः

मालारानी गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण गर्न छनौट भएको परामर्शदाताले कार्यविवरण उल्लेख भए बमोजिमका

अध्ययनका क्षेत्रहरु समष्टीगत रुपमा समेटी कार्य विवरणको अधिनमा रही उक्त अस्पताल भवनको निर्माणकार्य सम्पन्न गराउनु पर्नेछ ।

## ७. अपेक्षित नतिजाहरुः

नेपाल सरकारले तोकेको मापदण्ड र गाउँपालिकाले स्वीकृत गरेको डि पि आर बमोजिम १५ शैयाको आधारभूत अस्पतालको गुणस्तरिय भवन निर्माण भई सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

क. अस्पताको भवन नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको हुनेछ

ख. अस्पतालको भवन ड्रईङ, डिजाइन, बाताबरण मैत्री, अपाङ्ग मैत्री ,प्रयोगकर्ता मैत्री अनुसारको निर्माण हुनेछ ।

ग. तोकिएको समयाबधिभित्र भवन सम्पन्न हुनेछ ।

घ. वित्तिय जोखिमयुक्त भएको हुनेछ ।

## ८. परामर्शद्धाता टोलिको संरचना र योग्यताः

परामर्शदाता संस्थाको तर्फबाट भवन निर्माणको सहजीकरण गर्ने संस्था/कम्पनीको तर्फबाट एक जना टोली प्रमुख सिभिल इन्जिनियर, आर्किटेक/बायोमेडिकल इन्जिनियर एकजना, इलेक्ट्रीनिक इन्जिनियर एक जना, सेनिटरी क्षेत्रमा अनुभव प्राप्त इन्जिनियर एकजना,संलग्न रहेको हुनुपर्नेछ । परामर्शद्धाताको तर्फबाट भवन निर्माणको लागि आवश्यक पर्ने विज्ञ ताथ व्यक्तिहरुको विवरण र जिम्मेबारी निम्न अनुसार हुनुपर्नेछ ।

| विषय विज्ञ र विज्ञता | विज्ञको सहयोग समय | योग्यता र अनुभव | प्रमुख जिम्मेबारीहरु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| टोली प्रमुख/सिभिल इन्जिनियर/कष्ट्रक्सन विज्ञ–१ | १८ महिना | सिभिल इन्जिनियरिङ्गमा न्यूनतम स्नातक तह उतिर्ण गरि कम्तिमा ३ बर्ष भवन निर्माणको क्षेत्रमा अनुभव भएको,बिभिन्न अस्पताल हरुको भवन निर्माणमा प्रत्यक्ष अनुभव भएको,एउटै भवन १५(पन्द्र) करोड लागतको भवन निर्माण अनुभब भएको हुनुपर्ने छ | • तोकिएको मापदण्ड अनुसारको भवन निर्माण कार्य सम्पन्न गराउने<br>• नियमित अनुगमन र सुपरिबेक्षण गर्ने, भवन निर्माण स्थलमा ले आउट तयार गरि निर्माण व्यवसायिलाई साइड दिनमा सहयोग गर्ने<br>• गुणस्तरीयता कार्यमा राख्ने<br>• वित्तिय जोखिम हुन नदिने ।<br>• नापजाँचको कार्यगरि भुक्तानी प्रक्रियामा गाउँपालिकालाई सहयोग गर्ने<br>• भवन निर्माणको क्रममा आउने समस्याहरुलाई गाउँपालिकाको समन्वयमा सहजीकरण गरि समाधान गर्ने<br>• भेरियसन अर्डर दिनुपर्ने अवस्था मुल्यबृद्धि समायोजन गर्नुपर्ने अवस्थामा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम आवश्यक प्रतिवेदन तयार गरि |

| | | | |
|---|---|---|---|
| | | | गाउँपालिकालाई सहयोग गर्ने ।<br>• भवन निर्माण सम्पन्न भएपछि सो को ले आउट तयार गरि अन्तिम प्रतिवेदन तयार गर्ने । |
| आर्कीटेक/वायोमेडिकल इन्जिनियर एकजना | १ महिना | आर्किटेक/वायोमेडिकल इन्जिनियरिङ्गमा कम्तिमा स्नातक तह उत्तिर्ण गरि कम्तिमा ३ बर्ष अनुभव भएको | • भवनको आकर्षक डिजाइन र अस्पतालको बिभिन्न सजिर्कल सामग्री,मेशिन लगाएतका स्वास्थ्य सामाग्री राख्ने भवनका कोठा उचित ठाउमा रहने गरि निर्माण कार्यमा सहयोग गर्ने |
| सेनिटरी क्षेत्रमा अनुभव प्राप्त सिभिल इन्जिनियर एक जना | १५ दिन | सिभिल इन्जिनियरिङ्ग बिषयमा न्यूनतम स्नातक तह उत्तिर्ण गरि सेनिटरी क्षेत्रमा कम्तिमा ३ बर्ष कार्य अनुभव प्राप्त गरेको | • खानेपानी आपुर्ति र सेनेटरी सम्बन्धी कार्यमा आवश्यक सहयोग गर्ने |
| इलेक्ट्रीकल इन्जिनियर एक जना | १५ दिन | इलेक्ट्रीक इन्जिनियरिङ्ग बिषयमा न्यूनतम स्नातक तह उत्तिर्ण गरि सो क्षेत्रमा ३ बर्ष कार्य अनुभव प्राप्त गरेको | • भवन निर्माणको क्रममा आबश्यक पर्ने डि.पि.आर. बमोजिमको नक्सा अनुसार बिद्युत सम्वन्धि सम्पुर्ण कार्यमा आबश्यक सहयोग गर्ने |

## ९. कार्ययोजना

गाउँपालिकाको १५ शैयाको आधारभुत अस्पताल भवन निर्माणको लागि निर्माण व्यावसागी संग गरिएको सम्झौताको म्याद २०७८ कार्तिक १ गते देखि २१ महिना मात्र म्याद रहेकोले परामर्शद्याताले उक्त भवन निर्काण २१ महिना भित्र सम्पन्न गराउने गरि चरणगत रुपमा कार्ययोजना बनाई प्राबिधिक प्रस्तावमा अनिबार्य समाबेस गरेको हुनुपर्ने छ । पेश हुने कार्ययोजनालाई मुल्याङ्कनमा आवद्ध गरिने छ ।

## १०.परामर्श दाताले पेश गर्नुपर्ने कागजात

गाउँपालिकाको १५ शैयाको आधारभुत अस्पताल भवन निर्माणको लागि निर्माण कार्यमा गह्रयो गर्ने उदेश्यले यस कार्यालयमा पेश गर्ने परामर्श द्याता हरुले देहायको बिबरण पेश गर्नुपर्ने छ ।

- परामर्शद्याताको फर्म आ.ब.०७९/०७९ सम्म नबिकरण गरेको
- ख.स्था.ले.नं. र करचुक्ता प्रमाण पत्र आ.ब.०७६/०७७सम्मको वा म्याद थप
- Letter of BID
- Letter of Self Dedaration
- Power of Atorney
- ईन्जिनियर हरुको सबै डकुमेन्ट, बायोडाटा, कार्य अनुभवको प्रमाण पत्र

## ११,प्रतिबेदन सम्वन्धि व्यावस्था :

परामर्शद्याताले भवन निर्माण सम्वन्धमा गरेको कार्यको द्वैमासिक रुपमा आफ्नो कार्य र भवनको प्रगति सम्बन्धमा लिखित प्रतिवेदन गाउँपालिका समक्ष अनिबार्य पेश गर्नुपर्नेछ । प्रतिवेदनमा भवन निर्माणको प्राविधिक पक्षको अलवा देखिएका समस्या र समाधानका लागि अवलम्बन गरिएका उपायहरु समेत उल्लेख गरेको हुनुपर्नेछ ।

## १२. भुक्तानी प्रक्रिया

आधारभूत अस्पताल भवन निर्माण कार्यका लागि सेवा परामर्श उपलब्ध गराउने परामर्शदाताको परामर्श शुल्क बापत रकम देहायअनुसार भुक्तानी गरिने छः

- पहिलो किस्ता रकम २० प्रतिशतः पेलन्थलेवको कार्य सम्पन्न भएपछि
- दोस्रो किस्ता रकम २५ प्रतिशतः पहिलो तल्ला ढलान पश्चात
- तेस्रो किस्ता रकम २५ प्रतिशतः दोस्रो तल्ला ढलान पश्चात
- अन्तिम किस्ता रकम ३० प्रतिशतः भवन निर्माणको कार्य सम्पन्न भई हस्तान्तरण भए पश्चात

## १३. परामर्श सेवा शुल्कः

आधारभूत अस्पताल भवन निर्माणको प्रक्रियामा प्राविधिक परामर्श सेवाको लागत अनुमान रु ११८६०००.०० (अक्षरुपी एघार लाख छयासी हजार मात्र) रहेको छ । यस रकममा परामर्शदाताका संस्थाका विज्ञहरुको पारिश्रमिक, संस्थाको शिरोभार र भ्याट रकम समेत समावेश गरिएको छ । यसमा थप सुविधा परामर्शदाताको अफिस संचालनको लागि गाउँपालिकाको एक कार्यकक्ष उपलब्ध गराउने छ ।

## १४.मुल्याङ्कन प्रक्रियाः

गुणस्तरण र लागत विधि

प्राविधिक प्रस्तावको मुल्याङ्कनका आधार

१. प्रस्तावित जनशक्तिको योग्यता र कार्यक्रम

२. कार्ययोजना

३. संस्थाको क्षमता